## ४१औं वार्डेन सेमिनार एवम् २३औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको बैठकले पारित गरेका संकल्पहरु

१. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको मुगु जिल्लातिरको मुगुम कार्वारोङ्ग गाउँ पालिका (डोल्फु सेक्टरको क्षेत्र) लाई समेटेर छुट्टै छायाँनाथ राष्ट्रिय निकुञ्जको स्थापनाका लागि पहल गर्ने ।

२. समस्याग्रस्त वन्यजन्तु व्यवस्थापन गर्न वन्यजन्तु लठ्याउने, उद्धार गर्ने, उपचार गर्ने क्षमता विकास गरी कम्तिमा तराईका हरेक संरक्षित क्षेत्रमा तालिम प्राप्त जनशक्ति सहित स्रोत साधन तन्दुरुस्त (stand by) राख्न आवश्यक व्यवस्था गर्ने ।

३. वन्यजन्तु उद्धार केन्द्र, वन्यजन्तु अस्पताल, नेपाल सरकारले स्थापना गरेका र विभिन्न प्रदेशमा छरिएर रहेका स्थानीयस्तरका चिडियाखानालाई व्यवस्थितरुपमा सञ्चालनका लागि कानुनी दायरामा ल्याउन मापदण्ड तर्जुमा गर्ने ।

४. हरेक संरक्षित क्षेत्र कार्यालयले आफ्नो क्षेत्रभित्रको सार्वजनिक, सरकारी र गुठी जग्गासहित समग्र नक्सा सम्बन्धित जिल्लाको नापी कार्यालयसँगको समन्वयमा अद्यावधिक गरी विभागमा जानकारी गराउने व्यवस्था मिलाउने ।

५. संरक्षित क्षेत्रभित्र ऐन/नियम बमोजिम स्वीकृत भएका विकास आयोजनामा परेका कटान गर्नुपर्ने रुख/पोलको छपान तथा मूल्याङ्कन सम्बन्धी बिस्तृत लगत शुरुमा नै एकिन विवरण पेश गर्न लगाई रुख हटाउने प्रक्रिया सहजीकरणका लागि वातावरणीय अध्ययन प्रक्रियामा नै सम्बन्धित संरक्षित क्षेत्र कार्यालय प्रमुखबाट लगत प्रमाणित गर्ने गरी नीतिगत सुधार (वातावरण संरक्षण नियमावलीको अनुसूचीमा समावेश) का लागि पहल गर्ने ।

६. संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रका सार्वजनिक र पर्ति जग्गामा विपन्न वर्ग लक्षित सामुदायिक कृषिवन (फलफूल, स्याउ, कफी, जडीबुटी, चिया, माछा, आदि) प्रणाली अपनाई आयआर्जन अभिवृद्धि गर्न कानुनी व्यवस्था गर्ने ।

७. संरक्षित क्षेत्रमा हुने सामान्य प्रकृतिका वनजन्य अपराधको कानुनी उपचारका लागि ठाडो कारवाहीको व्यवस्था मार्फत मुद्दाको चाप कम गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन/नियम संशोधन गर्दा समावेश गर्ने ।

८. संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत निजी/संघसस्थाबाट प्राप्त हुन सक्ने सहयोग/बजेट विभागको सहमतिमा मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्र परिषद् मार्फत वन्यजन्तु संरक्षण, बासस्थान व्यवस्थापन, जनचेतना अभिवृद्धि, पर्यटन प्रवर्द्धन एवम् विपन्न वर्गको जीविकोपार्जनका लागि परिचालनको व्यवस्था गर्ने ।

९. सगरमाथा, कञ्चनजङ्घा लगायतका संरक्षित क्षेत्रमा हेलिकप्टर, ड्रोन जस्ता हवाई उडययन सञ्चालन गर्दा वन्यजन्तुको बिचरण एवम् जैविक विविधतामा पर्नसक्ने असरको बारेमा सम्बन्धित बिषय विज्ञहरुबाट अध्ययन अनुसन्धान गर्ने ।

१०. मध्यवर्ती क्षेत्र व्यवस्थापन परिषद्को संस्थागत व्यवस्था सहित मध्यवर्ती क्षेत्र नियमावली तर्जुमा गरि स्वीकृत गर्न पहल गर्ने ।

११. संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वयका लागि समयानुकूल नीतिगत व्यवस्था गर्दै मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, दिगो विकास र जैविक विविधता संरक्षणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहकार्य, समन्वय र सह-अस्तित्वलाई प्रवर्द्धन गर्ने गरी नीतिगत सुधार गर्ने ।

१२. प्रकृति संरक्षण शिक्षालयलाई थप प्रभावकारी बनाउन सम्वन्धित विषय विज्ञहरुको संलग्नतामा पाठ्यक्रम परिमार्जन गरी यसलाई साझा तालिम केन्द्रको रुपमा विकास गर्ने ।

१३. निकुञ्ज/आरक्षको पोष्टहरुलाई सेवा, सुविधा, पूर्वाधर, सञ्चार, पहुँच जस्ता सूचकको आधारमा वर्गीकरण गरी सबै पोष्टहरुलाई समान सुविधायुक्त बनाउन पहल गर्ने ।

१४. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि वन्यजन्तुको बासस्थान सुधार, जनचेतना अभिवृद्धिका साथसाथै गस्ती/पट्रोल गर्ने बाटो, सुविधा प्राप्त बाटो, राजमार्ग/सहायक मार्गको दायाँबायाँको झाडी सफाई जस्ता रोकथामका उपायहरुमा जोड दिने ।

१५. निकुञ्ज/आरक्षमा एकीकृत गस्ती अपरेसनलाई प्रभावकारी बनाउन निकुञ्ज आरक्षका गेमस्काउट कर्मचारीको करार दरवन्दी पूर्ति गरी संस्थामा लामो समयसम्म टिकाई राख्न करार सम्बन्धी नीतिगत व्यवस्थाका लागि पहल गर्ने ।

१६. निकुञ्ज/आरक्षभित्र सञ्चार नेटवर्कको व्यवस्था गर्न निश्चित सूचकहरु बनाएर दूरसञ्चार सेवा प्रदान गर्ने निकायलाई अनुरोध गर्ने ।

१७. संरक्षित क्षेत्रका नियमित कार्यक्रमको बजेट घट्दै गइरहेको, तर मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणको चुनौति बढ्दै गएको र संरक्षित क्षेत्रले पर्यापर्यटन एवम् वातावरणीय सेवामा पुर्याएको योगदान समेतलाई मध्यनजर गरी संरक्षित क्षेत्रका कार्यक्रमका लागि आवश्यक न्यूनतम बजेटको व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने ।

१८. ४०औं वार्डेन सेमिनार एवम् २२औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको बैठकले गरेका संकल्पहरुमध्ये सम्पन्न गर्न बाँकी प्रस्ताव पूरा गर्न निरन्तर प्रयास गर्ने ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं

२०७९।११।१८